# कमिज डट कम

आभास

पृथ्वीले
सुधा दिई
आफ्ना अङ्गहरू सुकाएर
सिञ्चन गरी
र कपास फुल्यो

धागो काती
सुन्दरीले
र तान बुनी

तयार भयो
सेतो, फ्रेम रहीत क्यानभास

क्यानभासमा
चित्र कोर्न पनि त सकिन्थ्यो
जस्तोसुकै
र 'स्क्यान' गरेर त्यसको आकृति
बनाउन पनि त सकिन्थ्यो
'वेभपेज'लाई अझै आकर्षक

तर क्यानभासले
चित्र बोकेन
या भनुँ बोकाइएन चित्र क्यानभासलाई
र कमिज सिई कान्छीले
सुन्दर चित्र जत्तिकै न्यानो कमिज

त्यही कमिजले आङ् ढाकेर
कान्छीको युवक मित्र
पृथ्वीजस्तै सुन्दरी
अर्की सानी-कान्छीको खोजीमा
कठालो मिलाउदै हिँड्यो
साइबर-क्याफेतिर ।